वेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

वेसीशहर, लमजुङ
४ नं. प्रदेश, नेपाल

फ्याक्स न. ०६६-५२०२०४
फोन न. ०६६-५२०१५०

सूचना !!!

प्रकाशित मिति : २०७४/१२/५

नेपाल सरकारको नीति अनुरुप सामाजिक सुरक्षा भत्ता वितरण बैंक मार्फत गर्नु पर्ने भएको र यस वेसीशहर नगरपालिकाको आ.व ०७४/७५ को दोश्रो चौमासिक (२०७४ मंसिर देखि फागुन सम्मको) देखी निम्नलिखित वडाहरुको निम्न बैंकहरुवाट समाजिक सुरक्षा भत्ता वितरण गर्न **लागिएको** र सम्वन्धित वडा र बैंकको समन्वयमा वडा वडामा **शिविर** संचालन गरी बैंक खाता खोल्ने कार्य सम्पन्न भईसकेको हुँदा शिविर संचालन हुँदा छुट भएका सामाजिक सुरक्षा लाभग्राहीहरुले मिति २०७४/१२/९ गते भित्र वडा कार्यालय सँग समन्वय गरि सम्वन्धीत बैंकमा गएर बैंक खाता खोली भत्ता वितरण गर्ने कार्यलाई सहयोग गरिदिनु हुन अनुरोध छ ।

निम्न

क्र.सं.	बैंकको नाम र शाखा	ठेगाना	भत्ता वितरण गर्ने **वडाहरु**
१	नेपाल एस.वि.आई बैंक लि., वेसीशहर	वेसीशहर, लमजुङ	३,६
२	प्रभु बैंक लि., वेसीशहर	वेसीशहर, लमजुङ	१०
३	जनता बैंक लि., वेसीशहर	वेसीशहर, लमजुङ	११
४	सिद्धार्थ बैंक लि., वेसीशहर	वेसीशहर, लमजुङ	१, ५
५	एन आई.सी, एशिया बैंक लि.	वेसीशहर, लमजुङ	२,४
६	कृषि विकास बैंक लि.	वेसीशहर, लमजुङ	७,८,९

नोटः वेसीशहर नगरपालिका वडा नं. ७, ८, ९ को साविक देखि नै कृषि विकास बैंक मार्फत वितरण गरिदै आएकोले यस चौमासिक देखि थप भएका र बैंक खाता नभएका वडा नं. ७, ८, ९ का सामाजिक सुरक्षा लाभग्राहीले मात्र उक्त बैंकमा खाता खोल्नु हुन अनुरोध छ ।

बैंक खाता खोल्न आश्यक कागजातहरु

१) समाजिक सुरक्षा भत्ता लाभग्राहीको परिचय पत्रको प्रतिलिपि १ (सामाजिक सुरक्षा लाभग्राही परिचयपत्र नभएको खण्डमा सम्वन्धीत वडा कार्यालयमा सम्पर्क गर्नुहोला)
२) नेपाली नागरिकताको प्रतिलिपि १
३) हालसालै खिचिएको फोटो ३ प्रति
४) पानी, विजुलीको महशुल तिरेको रसिद, मतदाता परिचयपत्र मध्ये कुनै एकको प्रतिलिपि १

थप जानकारीको लागी

सम्पर्क सम्वन्धीत वडा कार्यालय वा
वेसीशहर नगरपालिका कार्यालय
वेसीशहर, लमजुङ
०६६-५२०२०४, ५२०१५०